मेलुङ गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रस्तावना : मेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मेलुङ गाउँ सभाले यो ऐन बनाएको छ।

१ **सङ्क्षिप्त नाम र प्रारम्भ :**

१ यस ऐनको नाम "मेलुङ गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ।

२ यो ऐन सम्वत् २०८३ साल साउन १ गते देखि मेलुङ गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

२ **सम्पत्ती कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम सम्पत्ती कर लगाइने र असूल उपर गरिनेछ।

३ **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४ **घर बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल लिनेदिने बीचको सम्झौतामा उल्लेख भएको अवधि र रकममा अनुसूची-३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

५ **व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची-४ बमोजिम पूँजीका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६ **जडिबुटी, कवाडी र जीवजन्तु शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची-५ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

७ **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची- ६ बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ।

८ **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९ **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन प्रदायक व्यवसाय सेवामा अनुसूची-८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१० **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची-९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११ **पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची -१० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२ **सेवा शुल्क र दस्तुर** :

१ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुदसम्बन्धी सेवा वा व्यवसाय सञ्चालनमा अनुसूचनी-११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

२ गाउँपालिका क्षेत्रभित्र निर्माण, सञ्चालन वा व्यवस्थापन गरिएका अनुसूची -१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३ **पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची-१३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१४ **प्राकृतिक स्रोतको उत्खनन्, उपयोग तथा विक्री शुल्क** :

१ गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गरि त्यसमा तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुहरुको उत्खनन् तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक एवम् ऐलानी जग्गामा रहेको काठ, दाउरा, जराजुरी आदीको उपयोग र विक्री गरेबापत अनुसूची - १४ मा उल्लेख भएबमोजिमको कर लगाईने र असुल गरिनेछ।

२ उपदफा (१) बमोजिम स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुहरुको विक्री गर्दा विक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम विक्री मूल्यमा ठेक्का बढाबढ गरि गर्न सक्नेछ।

३ उपदफा (२) बमोजिम ठेक्का निर्धारण नभएमा कार्यपालिकाको निर्णयानुसार अमानत विधिबाट विक्री गरि प्राकृतिक स्रोतको उत्खनन्, उपयोग तथा विक्री शुल्क सङ्कलन गर्न सकिनेछ।

१५ **सामुदायिक वनबाट प्राप्त गर्ने आय** :

१ सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्नेछ।

२ उपदफा (१) बमोजिम वार्षिक कार्ययोजना स्वीकृत शुल्क र वन पैदावारको विक्री वापत प्राप्त हुने रकम अनुसूची - १५ मा उल्लिखित भए बमोजिम गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

१६ **दण्ड तथा जरिवाना** : गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा वा प्रचलित कानून पालना नगरेको कसूरमा अनुसूची- १६ बमोजिम दण्ड तथा जरिवाना लाग्नेछ।

१७ **कर छुट** : कर छुटसम्बन्धी व्यवस्था अनूसूची-१७ बमोजिम हुनेछ।

१८ **<u>जग्गाको न्यूनतम मूल्याङ्कन</u>** : गाउँपालिका भित्रकाका जग्गाको मूल्याङ्कन अनुसूची — १८ बमोजिम हुनेछ।

१९ **<u>कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि</u>** :

१ यो ऐनमा भएको व्यवस्थाअनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोकेअनुसार हुनेछ।

२ यस ऐनमा समावेश नभएको विषयमा गाउँ सभाको निर्णयानुसार कर तथा शुल्क उठाईनेछ।

अनुसूची –१

(दफा २ सँग सम्बन्धित)

१	गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पत्ती करको दर :		
क्र.सं.	**घरको प्रकार**	**दस्तुर रु**	**कैफियत**
१.१	कच्ची घर	५०	
१.२	पक्की घर १ तला सम्म	२००	
१.३	पक्की घर २ तला सम्म	५००	
१.४	पक्की घर ३ तला वा सो भन्दा बढी	१०००	

अनुसूची –२

(दफा ३ सँग सम्बन्धित)

२	गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने भूमी (मालपोत) कर को दरः			
क्र.सं.	**जग्गाको प्रकार**	**एकाई**	**भूमीकर रु.**	**कैफियत**
२.१	कृषि	प्रति रोपनी	१०	
२.२	आवास	प्रति रोपनी	१२	
२.३	व्यवसायिक	प्रति रोपनी	१५	
२.४	औधोगिक	प्रति रोपनी	२०	
२.५	खानी तथा खनिज	प्रति रोपनी	११	
२.६	साँस्कृतिक	प्रति रोपनी	५	

माथि उल्लेखित आधारमा भूमिकर निर्धारण तथा असुल गर्न नसकिने कारण भएमा देहाय वमोजिम भूमिकर निर्धारण तथा असुल गर्न बाधा पर्ने छैन।

	गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने भूमी (मालपोत) कर को दरः			
क्र.सं.	**जग्गाको प्रकार**	**एकाई**	**भूमीकर रु.**	**कैफियत**
२.७	अब्बल	प्रति रोपनी	११	
२.८	दोयम	प्रति रोपनी	१०	
२.९	सिम	प्रति रोपनी	९	
२.१०	चाहार	प्रति रोपनी	८	

अनुसूची –३

(दफा ४ सँग सम्बन्धित)

३	गाउँपालिकाले आफ्नो क्षेत्र भित्र घर, जग्गा, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, पोखरी आदिमा लगाउन सक्ने घर जग्गा बहाल करको दर :			
क्र.सं.	**करको प्रकार**	**करको दर**	**पुष्ट्याईं**	**कैफियत**
३.१	घर बहाल कर	१० प्रतिशत	जम्मा बहाल रकम तथा समयावधि	
३.२	**जग्गा बहाल कर**			
३.२.१	कृषि प्रयोजनका लागि	५ प्रतिशत	जम्मा बहाल रकम तथा समयावधि	
३.२.२	व्यवसायिक प्रयोजनका लागि	१२ प्रतिशत	जम्मा बहाल रकम तथा समयावधि	

अनुसूची –४

(दफा ५ सँग सम्बन्धित)

४.१	गाउँपालिकाले आफ्नो क्षेत्रिभित्र लगाउने व्यवसाय दर्ता, नवीकरण, नामसारी, स्थानान्तरण, वार्षिक कर तथा वातावरण संरक्षण शुल्कका दरहरु :							
क्र.सं.	व्यापारिक बस्तु (राजश्वका क्षेत्रहरु)		लागत पुँजी	दर्ता दस्तुर (रु.मा)	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
४.१.१	रक्सी तथा चुरोट	४.१.१.१	रु.१ देखि ५ लाखसम्म	१०००	५००	२५०	२५०	१००
		४.१.१.२	रु.५लाख १ देखि १० लाखसम्म	१५००	७५०	३७५	३७५	२००
		४.१.१.३	रु.१० लाख भन्दा माथि	२०००	१०००	५००	५००	३००
४.१.२	ज्वेलरी	४.१.२.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.२.२	रु.५ लाख १ देखि १० लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.२.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.३	चामल, तेल तथा मसला मिल	४.१.३.१	रु.१ देखि ५ लाखसम्म	३००	१५०	७५	७५	१००
		४.१.३.२	रु.५ लाख १ देखि १० लाखसम्म	४००	२००	१००	१००	२००
		४.१.३.३	रु.१० लाख भन्दा माथि	५००	२५०	१२५	१२५	३००
४.१.४	तरकारी, फलफूल, पेय पदार्थ/जुस पसल	४.१.४.१	रु.१ देखि ५ लाखसम्म	४००	२००	१००	१००	१००
		४.१.४.२	रु.५ लाख १ देखि १० लाखसम्म	६००	३००	१५०	१५०	२००
		४.१.४.३	रु.१० लाख भन्दा माथि	८००	४००	२००	२००	३००
४.१.५	भाडाकुँडा पसल	४.१.५.१	रु.१ देखि ५ लाखसम्म	७००	३५०	१७५	१७५	१००
		४.१.५.२	रु.५ लाख १ देखि १०लाखसम्म	८००	४००	२००	२००	२००
		४.१.५.३	रु.१० लाख भन्दा माथि	९००	४५०	२२५	२२५	३००
४.१.६	ब्युटी पार्लर	४.१.६.१	रु.१ देखि ५ लाखसम्म	३००	१५०	७५	७५	१००
		४.१.६.२	रु.५ लाख १ देखि १० लाखसम्म	४००	२००	१००	१००	२००
		४.१.६.३	रु.१० लाख भन्दा माथि	५००	२५०	१२५	१२५	३००
४.१.७	कपडा, फेन्सी पसल	४.१.७.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.७.२	रु.५ लाख १ देखि १० लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.७.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००

४.१	गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय दर्ता, नवीकरण, नामसारी, स्थानान्तरण, वार्षिक कर तथा वातावरण संरक्षण शुल्कका दरहरु :							
क्र.सं.	व्यापारिक बस्तु (राजश्वका क्षेत्रहरु)		लागत पुँजी	दर्ता दस्तुर (रु.मा)	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
४.१.८	चस्मा/घडी पसल	४.१.८.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.८.२	रु.५लाख १ देखि १०लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.८.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.९	सिलाई(टेलर्स)	४.१.९.१	रु.१ देखि ५ लाखसम्म	३००	१५०	७५	७५	१००
		४.१.९.२	रु.५लाख१ देखि १० लाखसम्म	४००	२००	१००	१००	२००
		४.१.९.३	रु.१० लाख भन्दा माथि	५००	२५०	१२५	१२५	३००
४.१.१०	स्टेशनरी, पुस्तक तथा स्पोर्ट पसल	४.१.१०.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.१०.२	रु.५ लाख१ देखि १०लाखसम्म	६००	३००	१५०	१५०	२००
		४.१.१०.३	रु.१०लाख भन्दा माथि	७००	३५०	१७५	१७५	३००
४.१.११	रेडियो, क्यासेट, मोबाइल पसल	४.१.११.१	रु.१ देखि ५ लाखसम्म	६००	३००	१२५	१२५	१००
		४.१.११.२	रु.५ लाख १ देखि१० लाखसम्म	७००	३५०	१५०	१५०	२००
		४.१.११.३	रु.१० लाखभन्दा माथि	८००	४००	१७५	१७५	३००
४.१.१२	दैनिक उपभोग्य वस्तु र किराना पसल	४.१.१२.१	रु.१ देखि ५ लाखसम्म	४००	२००	१००	१००	१००
		४.१.१२.२	रु.५ लाख १ देखि १० लाखसम्म	५००	२५०	१२५	१२५	२००
		४.१.१२.३	रु.१०लाख भन्दा माथि	६००	३००	१५०	१५०	३००
४.१.१३	हार्डवेयर पसल	४.१.१३.१	रु.१ देखि ५ लाखसम्म	२०००	१०००	५००	५००	१००
		४.१.१३.२	रु.५ लाख १ देखि १० लाखसम्म	४०००	२०००	१०००	१०००	२००
		४.१.१३.३	रु.१०लाख भन्दा माथि	६०००	३०००	१५००	१५००	३००
४.१.१४	रङरोगन पसल	४.१.१४.१	रु.१ देखि ५ लाखसम्म	१०००	५००	२५०	२५०	१००
		४.१.१४.२	रु.५ लाख १ देखि १०लाखसम्म	२०००	१०००	५००	५००	२००
		४.१.१४.३	रु.१० लाख भन्दा माथि	३०००	१५००	७५०	७५०	३००
४.१.१५	इलेक्ट्रोनिक्स	४.१.१५.१	रु.१ देखि ५ लाखसम्म	१५००	७५०	३७५	३७५	१००
		४.१.१५.२	रु.५ लाख १ देखि १०लाखसम्म	२०००	१०००	५००	५००	२००
		४.१.१५.३	रु.१० लाख भन्दा माथि	२५००	१२५०	७५०	७५०	३००

४.१	गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय दर्ता, नवीकरण, नामसारी, स्थानान्तरण, वार्षिक कर तथा वातावरण संरक्षण शुल्कका दरहरु :							
क्र.सं.	व्यापारिक बस्तु (राजश्वका क्षेत्रहरु)		लागत पुँजी	दर्ता दस्तुर (रु.मा)	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
४.१.१६	इलेक्ट्रिकल्स	४.१.१६.१	रु.१ देखि ५ लाखसम्म	४००	२००	१००	१००	१००
		४.१.१६.२	रु.५लाख १ देखि १० लाखसम्म	८००	४००	२००	२००	२००
		४.१.१६.३	रु.१० लाख भन्दा माथि	१२००	६००	३००	३००	३००
४.१.१७	ग्यास डिपो	४.१.१७.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.१७.२	रु.५ लाख १ देखि १०लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.१७.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.१८	पोल्ट्री फर्म	४.१.१८.१	रु.१देखि २० लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.१८.२	रु.२०लाख१देखि५० लाखसम्म	२०००	१०००	५००	५००	५००
		४.१.१८.३	रु.५० लाख भन्दा माथि	४०००	२०००	१०००	१०००	१०००
४.१.१९	ह्यचरी, र दाना उद्योग	४.१.१९.१	रु.१देखि २० लाखसम्म	२०००	१०००	५००	५००	३००
		४.१.१९.२	रु.२०लाख१देखि ५० लाखसम्म	४०००	२०००	१०००	१०००	१०००
		४.१.१९.३	रु.५० लाख भन्दा माथि	६०००	३०००	१५००	१५००	२०००
४.१.२०	ग्रिल उद्योग	४.१.२०.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.२०.२	रु.५ लाख १ देखि १०लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.२०.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.२१	आल्मुनियम, स्टील, काठ फर्निचर उद्योग	४.१.२१.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.२१.२	रु.५ लाख १देखि१० लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.२१.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.२२	हस्तकलाका सामान	४.१.२२.१	रु.१ देखि ५ लाखसम्म	२००	१००	१००	१००	१००
		४.१.२२.२	रु.५ लाख१ देखि १० लाखसम्म	४००	२००	१००	१००	२००
		४.१.२२.३	रु.१० लाख भन्दा माथि	६००	३००	१५०	१५०	३००
४.१.२३	डेरी उद्योग	४.२३.१	रु.१ देखि ५ लाखसम्म	२००	१००	१००	१००	१००
		४.१.२३.२	रु.५ लाख १ देखि १० लाखसम्म	४००	२००	१००	१००	२००
		४.१.२३.३	रु.१० लाख भन्दा माथि	६००	३००	१५०	१५०	३००

४.१	गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय दर्ता, नवीकरण, नामसारी, स्थानान्तरण, वार्षिक कर तथा वातावरण संरक्षण शुल्कका दरहरु :							
क्र.सं.	व्यापारिक बस्तु (राजश्वका क्षेत्रहरु)		लागत पुँजी	दर्ता दस्तुर (रु.मा)	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
४.१.२४	औषधी पसल	४.१.२४.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.२४.२	रु.५ लाख १ देखि १० लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.२४.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.२५	भेटेरिनरी पसल	४.१.२५.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.२५.२	रु.५ लाख१ देखि १० लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.२५.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.२६	कृषि फर्म	४.१.२६.१	रु.१ देखि ५ लाखसम्म	३००	२५०	१२५	१२५	१००
		४.१.२६.२	रु. ५ लाख १ देखि १० लाखसम्म	६००	५००	२५०	२५०	२००
		४.१.२६.३	रु.१० लाख भन्दा माथि	९००	७५०	३७५	३७५	३००
४.१.२७	पशुपन्छी फर्म	४.१.२७.१	रु.१ देखि ५ लाखसम्म	३००	२५०	१२५	१२५	१००
		४.१.२७.२	रु.५ लाख १ देखि १० लाखसम्म	६००	५००	२५०	२५०	२००
		४.१.२७.३	रु.१० लाख भन्दा माथि	९००	७५०	३७५	३७५	३००
४.१.२८	कृषि तथा पशुपन्छी फर्म	४.१.२८.१	रु.१ देखि ५ लाखसम्म	१०००	५००	२५०	२५०	१००
		४१..२८.२	रु.५ लाख १ देखि १० लाखसम्म	२०००	१०००	५००	५००	२००
		४.१.२८.३	रु.१० लाख भन्दा माथि	३०००	१५००	७५०	७५०	३००
४.१.२९	वन पैदावारमा आधारित व्यवसाय	४.१.२९.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.२९.२	रु.५लाख १ देखि १० लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.२९.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.३०	काठ गोदाम तथा काठमिल	-		२००००	१००००	५०००	५०००	१००००
४.१.३१	खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग	-		३००००	१५०००	७५००	७५००	१५०००
४.१.३२	कृषिमा आधारित	४.१.३२.१	रु.१ देखि ५ लाखसम्म	४००	२००	१००	१००	१००

४.१	गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय दर्ता, नवीकरण, नामसारी, स्थानान्तरण, वार्षिक कर तथा वातावरण संरक्षण शुल्कका दरहरु :							
क्र.सं.	व्यापारिक बस्तु (राजश्वका क्षेत्रहरु)		लागत पुँजी	दर्ता दस्तुर (रु.मा)	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
	व्यवसाय	४.१.३२.२	रु. ५ लाख १ देखि १० लाखसम्म	८००	४००	२००	२००	२००
		४.१.३२.३	रु.१० लाख भन्दा माथि	१२००	६००	३००	३००	३००
४.१.३३	खाजा घर	४.१.३३.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.३३.२	रु.५ लाख १ देखि १० लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.३३.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.३४	मौरीपालन तथा रेशम खेती व्यवसाय	४.१.३४.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.३४.२	रु.५ लाख १ देखि १० लाखसम्म	१०००	५००	२५०	२५०	२००
		४.१.३४.३	रु.१० लाख भन्दा माथि	१५००	७५०	३७५	३७५	३००
४.१.३५	नदिजन्य पदार्थ विक्री वितरण गर्ने डिपो	४.१.३५.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.३५.२	रु.५लाख१ देखि १० लाखसम्म	१५००	७५०	३७५	३७५	२००
		४.१.३५.३	रु.१० लाख भन्दा माथि	२५००	१२५०	६२५	६२५	३००
४.१.३६	ह्युमपाईप	४.१.३६.१	रु.१ देखि १० लाखसम्म	१००००	५०००	२५००	२५००	५०००
		४.१.३६.२	रु.१० लाख १ देखि २० लाखसम्म	१५०००	७५००	३७५०	३७५०	७५००
		४.१.३६.३	रु.२० लाख भन्दा माथि	२००००	१००००	५०००	५०००	१००००
४.१.३७	क्रसर उद्योग	४.१.३७.१	रु.१ देखि ५० लाखसम्म	५००००	२५०००	१२५००	०	२५०००
		४.१.३७.२	रु.५० लाख १ देखि १०० लाखसम्म	७५०००	३७५००	१८७५०	०	३७५००
		४.१.३७.३	रु.१०० लाख भन्दामाथि	१०००००	५००००	२५०००	०	५००००
४.१.३८	चलचित्र, डकुमेन्ट्री व्यवसाय	४.१.३८.१	रु.१ देखि ५ लाखसम्म	५००	२५०	१२५	१२५	१००
		४.१.३८.२	रु.५ लाख १ देखि १० लाखसम्म	१५००	७५०	३७५	३७५	२००
		४.१.३८.३	रु.१० लाख भन्दा माथि	२५००	१२५०	६२५	६२५	३००
४.१.३९	ब्लक, टाईल, ईट्टा	४.१.३९.१	रु.१ देखि ५ लाखसम्म	१०००	५००	२५०	२५०	१००
		४.१.३९.२	रु.५लाख १ देखि १० लाखसम्म	२०००	१०००	५००	५००	२००
		४.१.३९.३	रु.१० लाख भन्दा माथि	३०००	१५००	७५०	७५०	३००

४.१	गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय दर्ता, नवीकरण, नामसारी, स्थानान्तरण, वार्षिक कर तथा वातावरण संरक्षण शुल्कका दरहरु :							
क्र.सं.	**व्यापारिक बस्तु (राजश्वका क्षेत्रहरु)**		**लागत पुँजी**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.१.४०	शाखा विस्तार			३०००				मूल व्यवसायको आधारमा
४.१.४१	घरनक्सा डिजाइन लगायतको परामर्श सम्बन्धी व्यवसाय दर्ता शाखा विस्तार			१००००				
४.१.४२	वर्गीकरणमा नपरेका अन्य व्यापार व्यवसाय	४.१.४२.१	रु.१ देखि ५ लाखसम्म	१०००	५००	२५०	२५०	१००
		४.१.४२.२	रु.५ लाख १ देखि १० लाखसम्म	२०००	१०००	५००	५००	२००
		४.१.४२.३	रु.१० लाख देखि २० लाखसम्म	५०००	२५००	१०५०	१०५०	५००
		४.१.४२.४	रु.२० लाख देखि ५० लाख सम्म	८०००	४०००	२०००	२०००	१०००
		४.१.४२.४	रु.५० लाख भन्दा माथि	१००००	५०००	२५००	२५००	१५००

४.२	उत्खनन, उत्पादन, तयारी र विक्री वितरणमा आधारित कर		
क्र.सं.	**राजश्वका क्षेत्रहरु**	**रकम रु**	**एकाई**
४.२.१	वालुवा, रोडा, ढुङ्गा, चोकर, गिटी, चिप्स, खरिढुङ्गा	३६०	प्रति घन मिटर
४.२.२	मार्वल/स्लेट ढुङ्गा	५	प्रति वर्ग मिटर
४.२.३	ह्युमपाईप १२ ईन्च सम्मको गोलाई	१००	प्रति गोटा
४.२.४	ह्युमपाईप १८ ईन्च सम्मको गोलाई	२००	प्रति गोटा
४.२.५	ह्युमपाईप १८ ईन्च भन्दा माथि गोलाई	४००	प्रति गोटा
४.२.६	ब्लक, टाईल, ईट्टा	०.२५	प्रति गोटा

४.३	विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा		
क्र.सं.	**राजश्वका क्षेत्रहरु**	**दर्ता दस्तुर रु.**	**नविकरण दस्तुर तथा वार्षिक कर रु.**
४.३.१	चिकित्सक	१२००	५००
४.३.२	कविराज	५००	५००
४.३.३	ईन्जिनियर	१२००	५००
४.३.४	कानून व्यवसायी	१०००	५००
४.३.५	लेखापरीक्षक	१०००	५००
४.३.६	दन्त चिकित्सक/नेत्र चिकित्सक	१२००	५००
४.३.७	अनुसन्धानकर्ता तथा परामर्शदाता	१०००	५००
४.३.८	कम्प्युटर एनालिष्ट तथा प्रोगामर	१०००	५००
४.३.९	बीमा एजेन्ट	८००	५००
४.३.१०	सर्भेयर	९००	५००
४.३.११	अनुवादक	५००	५००
४.३.१२	पशु चिकित्सक	५००	५००
४.३.१३	शेयर दलाल	१२००	५००
४.३.१४	सामान ढुवानीकर्ता तथा विविभ सप्लायर्स कम्पनी	१०००	५००
४.३.१५	संस्थागत पेन्टर	१०००	५००
४.३.१६	वैदेशीक रोजगार परामर्श दाता	१२००	५००
४.३.१७	सवारी साधन भाडामा लगाउने व्ययसाय	१०००	५००
४.३.१८	अन्य सेवा प्रदायक	१०००	५००

४.४	निर्माण व्यवसाय					
क्र.सं.	**राजश्वका क्षेत्रहरु**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.४.१	गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय (क र ख बर्ग)	१००००	५०००	५०००	५००००	१०००
४.४.२	गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय (ग बर्ग)	८०००	४०००	४०००	४०००	५००
४.४.३	घ बर्गको निर्माण व्यवसाय दर्ता	५०००		२५००	२५००	५००
४.४.३.१	घ बर्गको निर्माण व्यवसाय नवीकरण — आ.व. समाप्त भएको ३ महिना भित्र		३०००			
४.४.३.२	घ बर्गको निर्माण व्यवसाय नवीकरण — ३ महिना देखि ६ महिना सम्म		४०००			
४.४.३.३	घ बर्गको निर्माण व्यवसाय नवीकरण — ६ महिना पछि २ वर्ष सम्म		४.४.३.२ को दरमा रु १०० प्रति महिना थप			
४.४.३.४	ईजाजत पत्रको प्रतिलिपी		१००० प्रति पटक			
४.४.४	विभिन्न प्रकारका सामानहरुको ठेक्कापट्टा गर्ने व्यवसाय	१००००	५०००	५०००	५०००	१०००

४.५	उत्पादनमूलक उद्योग							
क्र.सं.	**राजश्वका क्षेत्रहरु**	**लागत पूँजी**		**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.५.१	कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको मालसामान (कवाडी) को वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय	४.५.१.१	रु.१ देखी ५लाखसम्म	५००	२५०	२५०	२५०	१००
		४.५.१.२	रु. ५ लाख १ देखी रु. १०लाख सम्म	१०००	५००	५००	५००	२००
		४.५.१.२	रु. १० लाख भन्दा माथी	२०००	१०००	५००	५००	३००
४.५.२	टेक्सटायल (गार्मेन्ट)	४.५.२.१	रु.१ देखी ५ लाख सम्म	५००	२५०	२५०	२५०	१००

४.५	उत्पादनमूलक उद्योग							
		४.५.२.२	रु. ५ लाख १ देखी रु. १० लाख सम्म	१०००	५००	५००	५००	२००
		४.५.२.३	रु. १० लाख भन्दा माथी	२०००	१०००	५००	५००	३००
४.५.३	टेक्सटायल (बुनाइ, साइजिङ तथा प्रिन्टिङ)	४.५.३.१	रु.१ देखी ५ लाख सम्म	५००	२५०	२५०	२५०	१००
		४.५.३.२	रु. ५ लाख १ देखी रु. १० लाख सम्म	१०००	५००	५००	५००	२००
		४.५.३.३	रु. १० लाख भन्दा माथी	२०००	१०००	५००	५००	३००
४.५.४	घरेलु उत्पादन उद्योग			५००	२५०	२५०	२५०	१००

४.६	उर्जामूलक उद्योग					
क्र.सं.	**व्यवसायको विवरण**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.६.१	जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्याँस	५०००	२५००	५००	५००	५००
४.६.२	अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा	१०००	५००	५००	५००	१००
४.६.२	जलविद्युत सर्वेक्षण, उत्पादन तथा वितरणको अनुमतिपत्र शुल्क तथा निवेदन शुल्क	गाउँपालिकाको उर्जा तथा जलविद्युत आयोजना सञ्चालन तथा व्यस्थापान ऐनमा तोके बमोजिम हुनेछ।				

४.७	पर्यटन उद्योग तथा होटल व्यवसाय					
क्र.सं.	**व्यवसायको विवरण**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.७.१	रिसोर्ट	१००००	५०००	५०००	५०००	१०००
४.७.२	होटल एण्ड लज	५०००	२५००	२५००	२५००	५००
४.७.३	रेष्टुरेन्ट एण्ड बार	२०००	१०००	१०००	१०००	४००
४.७.४	ट्रेकिङ व्यवसाय	१५००	७५०	७५०	७५०	३००
४.७.५	ट्राभल्स व्यवसाय	२५००	१२५०	१२५०	१२५०	४००
४.७.६	मिठाई पसल	८००	४००	४००	४००	१००
४.७.७	क्याफे	१०००	५००	५००	५००	१००
४.७.८	चिया कफि तथा बेकरी पसल	५००	२५०	२५०	२५०	१००
४.७.९	होमस्टे	५००	२५०	२५०	२५०	१००

४.७.१०	पानीपुरी तथा चटपटे व्यवसाय	१०००	५००	५००	५००	२००

४.८	सेवा उद्योग					
क्र.सं.	**व्यवसायको विवरण**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.८.१	छापाखाना, परामर्श सेवा, जिनिङ तथा वेलिङ, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, स्थल मार्ग यातायात टिकट काउण्टर, विज्ञापन एजेन्सी, मिडिया, शीतभण्डार आदी उद्योग व्यवसाय	२०००	१०००	५००	५००	२००
४.८.२	ड्राईक्लिनर्स	१५००	७५०	७५०	७५०	२००
४.८.३	शैलुन	१०००	५००	५००	५००	१००
४.८.३	साउण्ड सिस्टम	१५००	७५०	७५०	७५०	२००

४.९	निर्माण उद्योग					
क्र.सं.	**व्यवसायको विवरण**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
१	सडक, पुल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ ब्रिज तथा औद्योगिक, व्यापारिक एवम् आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसायमा	५००००	२५०००	२५०००	२५०००	१००००
२	तार जाली उद्योग	५०००	२५००	२५००	२५००	१०००

४.१०	सञ्चार सेवा					
क्र.सं.	**व्यवसायको विवरण**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.१०.१	निजी क्षेत्रको हुलाक सेवा	१०००	५००	२५०	२५०	१००
४.१०.२	निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाइल फोन(STD/ISTD), इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि	१५००	७५०	७५०	३७५	१००
४.१०.३	कुरियर सेवा	१०००	५००	५००	२५०	१००
४.१०.४	छपाई तथा प्रकाशन/प्रिन्टिङ प्रेस	५०००	२५००	५००	५००	२००
४.१०.५	मोबाईल टावर शुल्क	१०००० प्रतिवर्ष				

४.११	वित्तीय सेवा/सहकारी					
क्र.सं.	**व्यवसायको विवरण**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.११.१	नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैक	१००००	५०००			१००
४.११.२	आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय	८०००	४०००			१००
४.११.३	वित्तिय कम्पनीको शाखा कार्यालय	४०००	२०००			१००
४.११.४	वीमा कम्पनी	३०००	१५००			१००
४.११.५	विदेशी मुद्रा सटही	१५००	७५०			१००
४.११.६	धितोपत्र कारोवार	१०००	५००			१००
४.११.७	सहकारी बैंक	१०००	५००			१००
४.११.८	मनि ट्रान्सफर	१०००	५००			१००
४.११.९	बचत तथा ऋण /बहुउद्देश्यीय सहकारी संस्था ५ करोड देखी माथि	४०००	२०००			३००
४.११.१०	बचत तथा ऋण /बहुउद्देश्यीय सहकारी संस्था ५ करोड सम्म	२०००	१०००			३००
४.११.११	महिला, कृषि तथा दुग्ध सहकारी	१०००	५००			१००
४.११.१२	रासायनिक मल बिक्रेता दर्ता/नवीकरण शुल्क	२०००	१०००			१००

४.१२	समूह/संघसंस्था/क्लब					
क्र.सं.	**राजश्वका क्षेत्रहरु**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.१२.१	खानेपानी तथा सिँचाई मुहान	३०००	१०००			१००
	नवीकरण जरिवाना दस्तुर पहिलो वर्ष		५००			
	नवीकरण जरिवाना दस्तुर दोस्रो वर्ष		१०००			
	नवीकरण जरिवाना दस्तुर तेस्रो वर्ष		२०००			
४.१२.२	टोल विकास संस्था	१५००	७५०			१००
४.१२.३	कृषक समूह दर्ता	१०००	५००			१००
४.१२.४	क्लब तथा संस्था दर्ता	२०००	१०००			१००
४.१२.५	समूह दर्ता	१०००	५००			१००

४.१३	स्वास्थ्य सेवा					
क्र.सं.	**राजश्वका क्षेत्रहरु**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.१३.१	गैर सरकारी अस्पताल	१५०००	७५००	३७५०	३७५०	५००
४.१३.२	नर्सिङ होम	१००००	५०००	२५००	२५००	५००
४.१३.३	निजी अस्पताल	२००००	१००००	५०००	५०००	५००
४.१३.४	क्लिनिक तथा ल्याब	५०००	२५००	१२५०	१२५०	३००
४.१३.५	आयुर्वेदिक औषधालय तथा उपचार केन्द्र	२०००	१०००	५००	५००	२००
४.१३.६	पोलिक्लिनिक	८०००	४०००	२०००	२०००	२००
४.१३.७	औषधी तथा फार्मेसी	१०००	५००	२५०	२५०	१००
४.१३.८	सुधार गृह	१०००	५००	२५०	२५०	१००

४.१४	शिक्षा सेवा					
क्र.सं.	**राजश्वका क्षेत्रहरु**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.१४.१	कलेज (संस्थागत)	१००००	५०००			
४.१४.२	विद्यालय (संस्थागत)	७०००	३५००			
४.१४.३	तालिम तथा अनुसन्धान केन्द्र (संस्थागत)	५०००	२५००			
४.१४.४	टाइपिङ, कम्प्युटर,साईबर तथा भाषा प्रशिक्षण संस्था	२५००	१२५०			

४.१५	मर्मत तथा संभार सेवा					
क्र.सं.	**व्यवसायको विवरण**	**दर्ता दस्तुर (रु.मा)**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
४.१५.१	हेवी इक्यूपमेन्टस् बस, ट्रक, टिपर, कार आदि चार पाङग्रे सवारी साधन मर्मत कारखाना	२०००	१०००	५००	५००	१००
४.१५.२	अटो, मोटरसाईकल र साइकल वर्कशप	१०००	५००	२५०	२५०	१००
४.१५.३	रेडियो, टि.भि., घडी, प्रेसर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामग्री मर्मत केन्द्र	१०००	५००	२५०	२५०	१००

४.१६	अन्य सेवा					
क्र.सं.	व्यवसायको विवरण	दर्ता दस्तुर (रु.मा)	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
४.१६.१	पार्टी प्यालेस	१००००	५०००	२५००	२५००	५००
४.१६.२	क्याटरिङ तथा टेन्ट हाउस	१५००	७५०	३७५	३७५	५००
४.१६.३	विज्ञापन सेवा	१२००	६००	३००	३००	१००
४.१६.४	वैदेशिक रोजगार सेवा	१५०००	७५००	३७५०	३७५०	१००
४.१६.५	स्वदेशी रोजगार सेवा	१०००	५००	२५०	१०००	१००
४.१६.६	सेक्रेटेरीयल सेवा	१२००	६००	३००	३००	१००
४.१६.७	साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा	१५००	७५०	३७५	३७०	१००
४.१६.८	पशु वधशाला	४०००	२०००	१०००	१०००	५००
४.१६.९	मासु विक्रेता	२०००	१०००	५००	५००	४००
४.१६.१०	फुल र विरुवा विक्रेता	२००	१००	५०	५०	१००
४.१६.११	पुल हाउस	१०००	५००	२५०	२५०	१००
४.१६.१२	खोटो व्यवसायी	२०००	१०००	५००	५००	३००
४.१६.१३	सिसा प्लाइउड विक्रेता	१५००	७५०	७३७५	३७५	२००
४.१६.१४	भाँडाकुँडा बिक्रेता	१०००	५००	२५०	२५०	१००
४.१६.१५	स्टिल, काठ, फर्निचर विक्रेता	२०००	१०००	५००	५००	२००
४.१६.१६	खेलौना, उपहार (गिफ्ट) विक्रेता	१०००	५००	२५०	२५०	१००
४.१६.१७	केबुल नेटवर्किङ	४०००	२०००	१०००	१०००	१००
४.१६.१८	ईन्टरनेट नेटवर्किङ	१००००	५०००	२५००	२५००	२००

१ कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय सञ्चालन गरेको हकमा माथि उल्लिखित दरका अतिरिक्त प्रत्येक व्यवसायमा रु ५०० रकम थप गरि व्यवसाय कर सङ्कलन गरिनेछ।

२ चालु आ.व. भित्र कर, दस्तुर तथा शुल्क आदी असुल नभई पछिल्लो आर्थिक वर्षमा असुल गर्दा १० प्रतिशत थप विलम्ब शुल्क सहित असुल गरिनेछ।

अनुसूची –५

(दफा ६ सँग सम्बन्धित)

५.१	गाउँपालिकाले आफ्नो क्षेत्र भित्र जडीबुटी, कवाडी र जीवजन्तुमा लिने निकासी शुल्क :			
क्र.सं	विवरण	एकाई	प्रति एकाई दर रु.	कैफियत
५.१.१	मजिठो	के.जी.	२	
५.१.२	ओखर फलको बोक्रा	के.जी.	२	
५.१.३	ओखर काण्डको बोक्रा	के.जी.	१०	
५.१.४	चिराइतो	के.जी.	२.५०	
५.१.५	चुत्रोको जरा, काण्ड र बोक्रा	के.जी.	१.२५	
५.१.६	कुरिलोको जरा	के.जी.	१.५०	
५.१.७	सुगन्धवाल	के.जी.	४	
५.१.८	अल्लो	के.जी.	२	
५.१.९	झ्याउ	के.जी.	२	
५.१.१०	अर्गेली	के.जी.	४	
५.१.११	पाखनवेत	के.जी.	१.५०	
५.१.१२	लोकता	के.जी.	६	
५.१.१३	ठिँगुरे सल्लाको सिम्टा	के.जी.	३	
५.१.१४	धसिंगरे तेल	लि.	५०	
५.१.१५	अम्रिसो	के.जी.	०.५०	
५.१.१६	जटामसी	के.जी.	५	
५.१.१७	तेजपात	के.जी.	५	
५.१.१८	गोब्रे सल्लाको सिम्टा	के.जी.	१	
५.१.१९	खोल्मे	के.जी.	१	
५.१.२०	नागवेली पाउडर	के.जी.	१६	
५.१.२१	सल्लाको खोटो	के.जी.	५	
५.१.२२	गोब्रे सल्लाको पातको तेल	लि.	५०	
५.१.२३	भिर मह	के.जी.	५०	
५.१.२४	सतुवा	के.जी.	५०	
५.१.२५	धुपीपात	के.जी.	०.५०	
५.१.२६	नागबेली	के.जी.	५	
५.१.२७	काउलोको बोक्रा	के.जी.	२	
५.१.२८	अन्य सुगन्धित तेल	लि.	५०	
५.१.२९	साधारण च्याउ	के.जी.	१	
५.१.३०	इन्द्रेयिनीको वियाँ	के.जी.	२	
५.१.३१	नेपाली कागज	कोरी	१०	
५.१.३२	सल्लो (गोलिया)	क्यु.फिट	५	
५.१.३३	सल्लो (चिरान)	क्यु.फिट	६	
५.१.३४	उत्तिस (गोलिया)	क्यु.फिट	५	
५.१.३५	उत्तिस (चिरान)	क्यु.फिट	६	
५.१.३६	अन्य काठ (गोलिया)	क्यु.फिट	५	
५.१.३७	अन्य काठ (चिरान)	क्यु.फिट	६	
५.१.३८	भेनियर पत्ता (ट्याक्टर)	ट्रिप	५००	

५.१.३९	भेनियर पत्ता (मिनी ट्रक)	ट्रिप	७००	
५.१.४०	भेनियर पत्ता (ट्रक)	ट्रिप	१०००	
५.१.४१	भेनियर पत्ता (भ्यान ट्रक)	ट्रिप	१२००	
५.१.४२	भेनियर पत्ता (अटो रिक्सा)	ट्रिप	२००	
५.१.४३	दाउरा (ट्याक्टर)	ट्रिप	२५	
५.१.४४	दाउरा (मिनी ट्रक)	ट्रिप	५०	
५.१.४५	दाउरा (भ्यान ट्रक)	ट्रिप	१००	
५.१.४६	काठको भुस (ट्याक्टर)	ट्रिप	२५	
५.१.४७	काठको भुस (मिनी ट्रक)	ट्रिप	५०	
५.१.४८	काठको भुस (भ्यान ट्रक)	ट्रिप	१००	
५.१.४९	बाँस	गोटा	२	
५.१.५०	वन लसुन	के.जी.	१००	
५.१.५१	हाडे लसुन	के.जी.	०.२५	
५.१.५२	कुरिलो	के.जी.	२	
५.१.५३	कोइला	के.जी.	५	
५.१.५४	बुकीफुल	के.जी.	०.२५	
५.१.५५	बुकीफुलको तेल	लि.	२००	
५.१.५६	अविजालो	के.जी.	५	
५.१.५७	निगालो	गोटा	०.१०	
५.१.५८	अलैंची	के.जी.	१०	
५.१.५९	लौठ सल्लाको पात	के.जी.	५	
५.१.६०	लप्सी	के.जी.	०.५०	
५.१.६१	पानी अमला	के.जी.	१	
५.१.६२	खोटो	के.जी.	५	
५.१.६३	सिस्नो (तयारी पाउडर)	के.जी.	२	
५.१.६४	बुद्धचित्त	कारोवार रकमको आधारमा	५%	
५.१.६५	रुद्राक्ष	के.जी.	१०	
५.१.६६	कवाडी फलाम	के.जी.	१०	
५.१.६७	कवाडी तामा	के.जी.	१००	
५.१.६८	आल्मुनियम	के.जी.	७	
५.१.६९	सिसा तथा बोतल	गोटा	१	
५.१.७०	प्लास्टिक	के.जी.	०.५	
५.१.७१	कागज	के.जी.	०.५	
५.१.७२	पित्तल	के.जी.	२५	
५.१.७३	स्टिल	के.जी.	१५	
५.१.७४	जस्ता	के.जी.	५	
५.१.७५	अन्य	प्रति एकाई	२	
५.१.७६	अमला	के.जी.	२	

५.२	प्रचलित कानूनले निषेध गरे बाहेकका मरेका वा मारिएका पञ्छीको प्वाँख र पशुको हाड, छाला,सिङ र खुर निकासी शुल्क :			
क्र.सं.	विवरण	एकाई	प्रति एकाई दर रु.	कैफियत
५.२.१	प्वाँख	के.जी.	३	
५.२.२	हाड	के.जी.	२	
५.२.३	सिङ	के.जी.	३	
५.२.४	खुर	के.जी.	३	
५.२.५	छाला ठुलो	गोटा	५०	
५.२.६	छाला सानो	गोटा	२५	

५.३	कृषि, पशु तथा पशुजन्य वस्तुको निकासी करको दरः (व्यवसायिक प्रयोजनका लागि)			
क्र.सं.	विवरण	एकाई	प्रति एकाई दर रु.	कैफियत
५.३.१	भैसी जात (भैसी, राँगा आदी)	गोटा	५००	
५.३.२	गाई जात (गाई, गोरु आदी)	गोटा	५००	
५.३.३	भेडा, बाख्रा जात (भेडा, बाख्रा आदी)	गोटा	१००	
५.३.४	बङ्गुर	गोटा	२००	
५.३.५	कुखुरा/कुखुराको जात	गोटा	२	
५.३.६	कुखुराको चल्ला निर्यात	प्रति गोटा	०.५०	
५.३.७	अण्डा (सात क्रेट बराबर एक बाकस)	बाकस	५	
५.३.८	अनाज (धान, मकै, कोदो, गहुँ)	मुरी	५०	
५.३.९	आलु	प्रति के.जी.	१	
५.३.१०	गोलभेडा	प्रति के.जी.	१	
५.३.११	काउली, बन्दा तथा मुला	प्रति के.जी.	०.२५	
५.३.१२	साग	प्रति के.जी.	०.१०	
५.३.१३	गाजर	प्रति के.जी.	०.५०	
५.३.१४	लसुन तथा प्याज	प्रति के.जी.	१	
५.३.१५	बेसार तथा अदुवा	प्रति के.जी.	१	
५.३.१६	सुन्तला	प्रति के.जी.	१	
५.३.१७	केरा	प्रति दर्जन	१	

अनुसूची –६

(दफा ७ सँग सम्बन्धित)

सवारी साधन कर प्रदेश कानून बमोजिम लगाईने र असुल उपर गरिनेछ।

अनुसूची –७

(दफा ८ सँग सम्बन्धित)

७	गाउँपालिका क्षेत्र भित्र लाग्ने विज्ञापन करको दरः		
